बैठक संख्या -२ (दुई)

आज मिति २०८२ साल भाद्र ६ गतेका दिन रामेछाप नगरपालिकाका प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा देहायको विषयहरुमा छलफल गर्ने सन्दर्भमा नगर कार्यपालिकाको बैठक बस्यो ।

तपसिल

| | | |
|---|---|---|
| १ | नगरपालिका प्रमुख श्री लवश्री न्यौपाने<br>रामेछाप नगरपालिका रामेछाप | अध्यक्ष |
| २ | नगरपालिका उप-प्रमुख श्री बाल कुमारी कार्की थापा<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ३ | का.वा.वडा अध्यक्ष वडा नं.१ श्री सन्जित कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ४ | वडा अध्यक्ष वडा नं. २ श्री निर बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ५ | वडा अध्यक्ष वडा नं.३ श्री दल बहादुर प्रधान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ६ | वडा अध्यक्ष वडा नं. ४ श्री कृपा थापा मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ७ | वडा अध्यक्ष वडा नं. ५ श्री हरिश्चन्द्र श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ८ | वडा अध्यक्ष वडा नं. ६ श्री राजेश तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ९ | वडा अध्यक्ष वडा नं. ७ श्री समिर कार्की<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १० | वडा अध्यक्ष वडा नं.८ श्री सन्तोष कुमार तामाङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| ११ | वडा अध्यक्ष वडा नं.९ श्री चन्द्र बहादुर श्रेष्ठ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १२ | कार्यपालिका सदस्य श्री रुकुम हायू<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १३ | कार्यपालिका सदस्य श्री राम बहादुर माझी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १४ | कार्यपालिका सदस्य श्री रमेश कामी<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |

CamScanner

| | | |
|---|---|---|
| १५ | कार्यपालिका सदस्य श्री यम कुमारी मगर<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १६ | कार्यपालिका सदस्य श्री शर्मिला वि.क.<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १७ | कार्यपालिका सदस्य श्री शान्ती तामांङ<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १८ | कार्यपालिका सदस्य श्री लक्ष्मी नेपाली<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| १९ | कार्यपालिका सदस्य श्री सविना मोक्तान<br>रामेछाप नगरपालिका रामेछाप | सदस्य |
| २० | प्रमुख प्रशासकीय अधिकृत श्री ~~भोलाप्रसाद चापागाई~~<br>रामेछाप नगर कार्यपालिकाको कार्यालय रामेछाप | सदस्य सचिव |

छलफलका विषयहरु:

१.अघिल्लो नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२.स्वच्छ हावा चुल्हो परियोजना सञ्चालन गर्ने सम्बन्धमा ।

३.नागरिक आरोग्य केन्द्र सुकाजोरको कविराज तेज प्रसाद अधिकारीको करार सेवाको म्याद थप गर्ने सम्वन्धमा ।

४.बालमैत्री नगर घोषणा सम्बन्धमा ।

५.सडक क्षेत्राधिकार भित्र परेका निजी जग्गाहरुको लगत कट्टा गर्ने सम्बन्धमा ।

६.पोखरामा सञ्चालन हुने सिपमुलक तालिममा सहभागी पठाउने सम्बन्धमा ।

७.संघ तथा बागमती प्रदेशका आयोजना सञ्चालनमा सहयोग र सहजिकरण गर्ने सम्बन्धमा ।

८.विपद् व्यवस्थापन सम्बन्धमा ।

९.विविध ।

(लवश्री न्यौपाने)

प्रमुख

निर्णय नं. १

अघिल्लो नगर कार्यपालिकाको बैठकबाट पारित भएका निर्णयहरुको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था समग्रमा सन्तोषजनक रहेको पाईयो।

निर्णय नं. २

स्वच्छ हावा चुल्हो परियोजना अन्तर्गत वातावरण संरक्षण शिविर (ACCA) ललितपुरले यस नगरपालिकाका सम्पूर्ण वडाभित्रका घरधुरीहरुलाई बज्रसमाज नेपाल, रामेछापको सहकार्यमा वातावरणमैत्री अर्जुन प्लस मोडलको स्वच्छ हावा चुल्हो २०८२ साल मंसिर मसान्तभित्र वितरण गर्ने कार्यक्रम रहेकोले यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने घरपरिवारहरु मध्ये खाना पकाउने मुख्य इन्धन दाउरा भएका, हालसम्म परम्परागत चुल्हो प्रयोग गरिरहेका, मासिक आम्दानी रु. २०,८००।- भन्दा कम भएका र परिवारका सदस्य संख्या ३ देखि ७ जना भएका घरपरिवारहरुको तथ्यांक संकलन गर्न एक जना सूचना संकलक छनोट गरी ५ दिन भित्र जानकारी गराउन र निजबाट २०८२ भाद्र मसान्त भित्र लाभान्वित घरधुरीको विवरण यस कार्यालयमा पेश गर्न सबै वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ३

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मन्थली, रामेछापको प.सं. २०८१/०८२ च.नं. २४० मिति २०८२/०३/३१ गतेको पत्रानुसार रामेछाप नगरपालिका वडा नं. ७ सुकाजोरमा नागरिक आरोग्य केन्द्र संचालनमा रहेकोमा आ.व. २०८२/०८३ देखि उक्त कार्यक्रम सम्पूर्ण रुपमा सम्बन्धित पालिकालाई हस्तान्तरण भई बजेट समेत विनियोजन भएको अवस्थामा उक्त केन्द्रमा कार्यरत नागरिक आरोग्य अभियानकर्ता (सहायक चौथो तह) का श्री तेज प्रसाद अधिकारीको कार्य सम्पादन उत्कृष्ट रहेकोले निजलाई तहाँबाटै करार सम्झौता गरी काम काजमा लगाउन अनुरोध भई आएको र निज हालसम्म निरन्तर रूपमा कामकाज गरिरहेकोले उक्त केन्द्र संचालनको लागि २०८२ साल श्रावण १ गतेदेखि नै साविक बमोजिमको सेवा सुविधा पाउने र काम काज गर्ने गरी निजसँग करार सम्झौता गरी काम काजमा लगाउने निर्णय गरियो ।

निर्णय नं. ४

रामेछाप नगरपालिकालाई बालमैत्री नगर घोषणाका लागि जिल्ला समन्वय समिति, रामेछापबाट अनुगमन भई सहमति प्राप्त भए पश्चात् रामेछाप नगरपालिकाका सबै वडाहरु मिति २०८२/०२/२७ गते बालमैत्री वडा घोषणा भएको र सोही आधारमा बालमैत्री नगर घोषणाका लागि बागमती प्रदेश सरकार समक्ष अनुरोध गरिएकोमा बागमती प्रदेश सरकारबाट स्थलगत अनुगमन समेत गरी बालमैत्री नगर घोषणाको लागि सहमति प्राप्त भएकोले यसका लागि बागमती प्रदेश सरकारलाइ धन्यवाद दिदैं बागमती प्रदेश सरकारका मुख्यमन्त्री मा. इन्द्र बहादुर बानियाँज्यूको प्रमुख आतिथ्यतामा र प्रतिनिधि सभा सदस्य मा. पूर्ण बहादुर तामाङ (कान्छाराम)ज्यू तथा बागमती प्रदेशका सामाजिक विकास मन्त्री मा. कन्चन चन्द्र

CamScanner

बादेज्यूको बिशिष्ठ आतिथ्यता र सरोकारवालहरू सबैको उपस्थितिमा रामेछाप नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न प्रमुख अतिथिज्यूसँग समन्वय गरी मिति र समय तोकी कार्यक्रम तयार गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

रामेछाप नगरपालिका भित्र सडक बिस्तार र स्तरोन्नती गर्ने क्रममा व्यक्तिका निजी जग्गाहरु समेत सडक क्षेत्रमा परेकोमा सम्बन्धित जग्गाधनीहरुले उक्त जग्गाहरु लगत कट्टा गरी सडक कायम गरिदिन अनुरोध गरेकोले यस नगरपालिका भित्रका सबै सडकमा परेका निजी जग्गाहरुको तथ्यांक संकलन गरी आवश्यक प्रकृया पुरा गरी सडक मापदण्ड अनुसार लगत कट्टा गर्न मालपोत कार्यालय, रामेछाप र नापी कार्यालय, रामेछापमा सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

पोखरा भ्याली टेक्निकल ट्रेनिङ्ग इन्स्टिच्युट प्रालि, पोखराले स्वदेशमै उद्यमी बन्न चाहने तथा सीप सिकी बैदेशिक रोजगारमा जान चाहने यस नगरपालिकाका १७ देखि ४० वर्ष उमेर समूहका युवाहरुका लागि सिकर्मी र सटरिङ्ग र डकर्मी  प्लम्वर र स्टिल फिक्स्चरमा १०/१० जनालाई निःशुल्क खाना बस्न सहितको ४ महिने सीपमुलक तालिम संचालन गर्ने भएको हुदाँ उक्त तालिममा सहभागी हुन चाहने साधारण लेखपढ गर्ने सक्ने १/१ जना सहभागी छनौट गरी २०८२ साल भाद्र मसान्तभित्र यस कार्यालयमा सिफारिस गरी पठाउन सबै वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ७

चालु आर्थिक वर्ष २०८२/०८३ मा यस नगरपालिका भित्र संचालन हुने गरी संघीय सरकार र बागमती प्रदेश सरकार मातहतका निकायहरुबाट छनौट भएका आयोजनाहरु संचालनमा सहयोग र सहजीकरणका लागि सम्बन्धित कार्यालयहरुबाट अनुरोध भई आएकोले उक्त आयोजनाहरु उद्धेश्य अनुरुप संचालन गर्ने कार्यमा आवश्यक सहयोग र सहजीकरण गर्नुका साथै सोको जानकारी नगरपालिकामा समेत गराउनु हुन सबै वडा अध्यक्षहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ८

वर्षाका कारण क्षति भएका रामेछाप नगरपालिका भित्रका सडक पूर्वाधारहरुको नगरस्तरीय विपद् व्यवस्थापन समितिको निर्णय समेतका आधारमा आवश्यकता हेरी मर्मत सम्भारको व्यवस्था मिलाउने र वर्षात् लगायतको विपद्का कारण जोखिममा परेका वस्तीहरु र सडक आसपासमा सावधानीका लागि जोखिमयुक्त वस्ती/सडक लेखी होडिङ बोर्ड राख्न सम्बन्धित वडा कार्यालयलाइ निर्देशन दिने र बसोवास गर्नै नमिल्ने जोखिमयुक्त वस्तीहरूको स्थानान्तरण र व्यवस्थापनका सम्बन्धमा वडाबाट प्राप्त विवरण जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ९

बैदेशिक रोजगारीमा बिचौलियाबाट हुने विभिन्न किसिमका ठगी तथा अन्य घटनाका सम्बन्धमा सचेतीकरणका साथै बैदेशिक रोजगारीको क्षेत्रलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने उद्धेश्यले संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा संचालन हुने गरी यस नगरपालिकामा समेत चालु आर्थिक वर्ष २०८२/०८३ बाट सुरक्षित आप्रवासन (सामी) कार्यक्रम संचालन हुने भएकोले सुरक्षित आप्रवासन (सामी) कार्यक्रम (चौथो चरण) मार्गदर्शन, २०८१ बमोजिम मनोसामाजिक परामर्शकर्ता १ (एक) जना र रिटर्नी स्वयंसेवक २ (दुई) जनाको सेवा करारमा लिई कार्यक्रम संचालन गर्न आवश्यक प्रकृया अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. १०

प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०७८ को अनुसूचि-३ बमोजिम रामेछाप नगरपालिकाका नगर प्रमुख श्री लवश्री न्यौपानेज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरु रहने गरी रामेछाप नगरपालिकाको स्थानीय प्रारम्भिक बालविकास समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

| | | |
|---|---|---|
| १. श्री लवश्री न्यौपाने | नगर प्रमुख, रामेछाप नगरपालिका | अध्यक्ष |
| २. श्री बालकुमारी कार्की थपा | उप-प्रमुख/अध्यक्ष-स्थानीय बाल अधिकारी समिति | सदस्य |
| ३. श्री सन्तोष कुमार तामाङ्ग | सामाजिक विकास समिति संयोजक/कापा सदस्य | सदस्य |
| ४. श्री शाखा प्रमुख | शिक्षा शाखा, रामेछाप नगरपालिका | सदस्य |
| ५. श्री शाखा प्रमुख | स्वास्थ्य शाखा, रामेछाप नगरपालिका | सदस्य |
| ६. श्री शाखा प्रमुख | महिला तथा बालविकास शाखा, रामेछाप नगरपालिका | सदस्य |
| ७. श्री बाल कल्याण अधिकारी | रामेछाप नगरपालिका | सदस्य |
| ८. श्री सरोज श्रेष्ठ | प्रारम्भिक बाल विकास संयोजक/विज्ञ | सदस्य |
| ९. प्रमुख प्रशासकीय अधिकृत रामेछाप नगरपालिका | | सदस्य-सचिव |

निर्णय नं. ११

रामेछाप नगरपालिकाको भुगोल र हावापानी बाख्रापालन व्यवसायको लागि उर्वर भुमी भएको कारण गरिबी निवारण र आय आर्जनको लागि रामेछाप नपा वडा नं. १ देखि ९ सम्मका किसानहरुलाई थप आर्थिक रुपमा सवल बनाउनका लागि बाख्रा जोन कार्यक्रम यस नगरपालिकामा समेत समावेश गरिदिन राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, रामेछापमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

रामेछाप नगरपालिकामा २०८१ असोज १० गतेपछिको अविरल वर्षाको कारण सुनकोशी नदीमा रहेको वडा नं. ९ को हर्दिनीघाट र वडा नं. ५ को मन्सुलीघाटमा रहेको झोलुङ्गे पुल आवतजावत गर्न नसकिने गरी क्षति भएकोमा रामेछाप नगरपालिकास्तरीय विपद् व्यवस्थापन समितिबाट उक्त झोलुङ्गे पुलहरू मर्मत सम्भार गरी संचालनको लागि सम्वन्धित निकायमा अनुरोध गर्न जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरिएकोमा हालसम्म पनि उक्त पुलहरू मर्मत सम्भार नभई जनजीवन प्रभावित भएकोले यथाशिघ्र उक्त पुलहरू मर्मत सम्भार र संचालनको लागि जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित निकायमा पुनः अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

रामेछाप नगरपालिका वडा नं. ५ को धुसुनी र वडा नं. ४ को घुमाउनेटार जोड्ने फुन्द्री खोलामा झोलुङ्गे पुल आवश्यक भएकोले उक्त झोलुङ्गे पुल निर्माणको लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

रामेछाप नगरपालिका वडा नं. ७ को घट्टे खोला खानेपानी आयोजना संचालनका लागि चालु आर्थिक वर्ष २०८२/०८३ बागमती प्रदेश सरकार विशेष अनुदान तर्फ रू. ३० लाख बजेट विनियोजन भएकोमा उक्त रकमबाट आयोजना संचालन गर्न बजेट अपुग हुने भएकोले सो को सट्टामा वडा नं. ७ मै अधुरो रहेको ताराखसे खानेपानी आयोजनामा उक्त रकम रकमान्तर गर्नका लागि बागमती प्रदेश सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा २ (ज) तथा रामेछाप नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण कार्यविधि, २०७४ को नियम ५ को उपनियम (१) बमोजिम प्रमाणित गरिएको ।

.............................
होम बहादुर थापा
नि. प्रमख प्रशासकीय अधिकृत

.............................
लवश्री न्यौपाने
प्रमुख